आज मिति २०७६ साल भाद्र १२ गते दिउँसो ११ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | ~~श्री दिपक राना~~ विमकला वि.क. उ.अ. | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठक्केन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री डिल्ली राज वेल्वासे | प्रमुख प्रशासकिय अधिकृत) | |
| | आमन्त्रित | | |
| १ | श्री दल वहादुर घर्ती | कार्यक्रम अधिकृत | |
| २ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| ३ | श्री सुर्य प्रसाद लम्साल | सुचना प्रविधि अधिकृत | |
| ४ | श्री डम्वर वहादुर विष्ट | लेखापाल | |

निर्णयहरु

१. यस नगरपालिका क्षेत्रभित्र नियमानुसारका निर्धारित स्थानहरुवाट ढुंगा,गिट्टि र वालुवाको उत्खनन्, विक्रि वितरण तथा निकासी गर्न यस आ.व. ०७६।७७ को टेन्डर गर्ने प्रयोजनकालागि न्युनतम ठेक्का अंक रु ५०००००।(अक्षरुपी पचास लाख रुपैंया मात्र) निर्धारण गरियो । साथै, यस चालु आ.व.को ढुंगा,गिट्टि र वालुवाको उत्खनन्, विक्रि वितरण तथा निकासी गर्न टेन्डर गर्नुपूर्व नियमानुसार गर्नुपर्ने IEE (प्रारम्भिक वातावरणीय परीक्षण) कार्यमा प्राविधिक कारणले ढिलाई भएकाले नगरवासीमा पर्न गएको असुविधालाई ध्यानमा राखि टेन्डर प्रक्रिया नटुङ्गनजेल अतिआवश्यक कार्य प्रयोजनकोलागि सम्वन्धित उपभोक्तालाई नगर कार्यपालिकाको कार्यालयमा नियामानुसार लाग्ने निर्धारित कर रसिद काट्न लगाई आवश्य ढुंगा,गिट्टि र वालुवा उपलव्ध गराउने व्यवस्था मिलाउने ।

२. आ.व.२०७५।७६ को वार्षिक समिक्षा वैठक मिति २०७६।५।१८ गते सँचालन गर्ने ।

३. प्रदेश सरकार ओर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतको आ.व. २०७६।७७ को समपुरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमको प्रस्ताव आह्वान सम्वन्धी सुचनानुसार निम्नानुसारका आयोजना तथा कार्यक्रमहरु माग गर्ने ।

क) समपुरक अनुदान तर्फ :

- गैरीखाली–राम मन्दिर–ठाँटी–कभर्डहल– जिल्ला अस्पताल सडक निर्माण
- पिपे–मैदे–बरालेख–घुयालनेटा–पाँचकाटीया–धरमखर्क–मछाईना–मेलटाकुरी–फेरा रिंग रोड क र ख
- कुदु रंगशाला निर्माण वडा नं.१३
- जाजरकोट खलंगा सहलगानी खानेपानी आयोजना वडा नं. ४

ख) विशेष अनुदान तर्फ :

- नगरपालिका भित्रका सवै विद्यालय र सवै वडाहरुमा बालबिवाहा न्युनिकरण, गुणस्तरीय शिक्षा तथा महिला हिंसा न्युनिकरणकालागि बालबालिका तथा महिला सचेतना मुलक अभियान सँचालन ।

- वडा नं. ९ को भुर स्वास्थ्य चौकीमा वर्थिंग सेन्टर भवन निर्माण ।

- पोषण तथा खाद्य सुरक्षा , पुर्ण छुवाछुत मुक्त तथा पुर्ण सरसफाई युक्त नगर अभियान सँचालन ।

४. जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको तल्लो थाप्ले स्थित निर्माणाधिन नगरपालिका भवन अगाडि रहेको नारी सिल्पकलाको भवन नगरपालिकाको पुर्ण स्वामित्वमा रहनेगरी लालपुर्जा सहित उपलव्ध गराईदिन जिल्ला समन्वय समितिलाई अनुरोधकासाथ पत्राचार गर्ने । साथै, उक्त भवन हस्तान्तरण भई आएमा अविलम्व सो भवनको ढुंगा र काठको लिलाम बढ्राबढ गर्ने ।

५. शान्तिचौतारा बसपार्क देखि कर्मचारी मिलनकेन्द्रको गेट हुदै कृष्ण भट्टराईका घर सम्मको आर.सि.सी. पीच सडक निर्माण कार्यको अन्तिम कार्य सम्पन्न मुल्यांकनमा विनियोजित रकमभन्दा बढी हुन आएको रकम रु ४ लाख आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी दिने ।

६.यस वर्षको बर्षादका कारण वडा नं.२ को रिसाङ्ग देखि बाहुनथाना सम्मको सडक खण्ड अन्तर्गत विभिन्न ठाउँमा ठुला ठुला चट्टान तथा पहिरो आई उक्त सडक विग्रन/भत्कन गई सार्वजनिक आवागमन नै बन्द हुन गएको र उक्त विभिन्न स्थानको अवरोध हटाइ सार्वजनिक आवागमन सुचारु गर्न नगरपालिकाको व्यागलोडरले समेत नसकेर २२० सीसीको चैनवाला स्काभेटरलाई काममा लगाउदा २१ घन्टा वकेट र ३ घन्टा ब्रेकरले काम गरेकाले उक्त स्काभेटरलाई २१ घन्टाको (निर्धारित जिल्ला दर रेट वमोजिम प्रतिघन्टा वकेट को रु ६००००।का दरले ) हुन आउने रकम रु १२६०००। र ३ घन्टाको (निर्धारित जिल्ला दर रेट वमोजिम प्रतिघन्टा ब्रेकर को रु ७०००। का दरले ) हुन आउने रकम रु २१०००। गरी जम्मा रकम रु १,४७०००। मल्ल कन्ट्रक्सन भे.न.पा. -४ को नाममा आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी दिने ।

७. गैरीखाली राम मन्दिर बाग्लुङ्ग ठाँटी सडक अन्तर्गत अमर फोटो स्टुडियो देखि चक्र बहादुर शाहको घरदेखि मुनिको खण्डसम्म बाँकी रहेको भाग आर.सी.सी. पीच गर्न आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी लेख्ने गरी रु ७ लाख विनियोजन गर्ने ।

८. नगर स्वास्थ्य शाखा तर्फ तपशिलका उल्लेखित कार्यप्रयोजनमा आ.व.२०७६।७७ को चालु खर्च शिर्षकवाट खर्च लेख्नेगरी निम्नानुसार बजेट विनियोजन गर्ने ।

तपशिल :

| क्र.सं. | कार्य | विनियोजित वजेट |
|---|---|---|
| क | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन साझेदारी अपुग रकम | रु १,२२०००। |
| ख | प्रशासनिक खर्च प्रति स्वास्थ्यचौकी प्रतिमहिना रु २०००। का दरले ५ गोटा स्वास्थ्य चौकीमा | बार्षिका रु १,२००००। |
| ग | पालिका स्तरीय स्वास्थ्यचौकीहरुको मासिक वैठक प्रति महिना १३,५००। | बार्षिक रु १,६२०००। |
| घ | सुरक्षित मातृत्व अन्तर्गत रात्रिकालिन सेवा प्रदान गरेवापत नर्सिंग स्टाफहरुलाई नाईट भत्ता रु १५०। का दरले जम्मा दिन २८०। का दरले ५ गोटा स्वास्थ्य चौकीमा | बार्षिक रु २,१००००। |
| ङ | स्वास्थ्यशाखाकोलागि औषधी स्टोर गर्ने कोठा भाडा लिन प्रति महिना रु ४०००। का दरले | बार्षिक रु ४८०००। |
| | कुल जम्मा रकम | रु ६,६२०००। |

९. नगरपालिकाका विभिन्न स्वास्थ्यचौकीमा कार्यरत तपशिलमा उल्लेखित विभिन्न अस्थायी/करार पदका कर्मचारीहरुलाई श्रावण १ देखि लागुहुनेगरी अर्को व्यवस्था भएमा स्वत: कायम नरहने गरी बढीमा ६ महिनाकोलागि म्याद थप गर्ने ।

तपशिल :

| क्र.सं. | पद | नाम | कार्यरत स्वास्थ्य संस्था | तलव श्रोत |
|---|---|---|---|---|
| १. | अनमी | श्री सुमिलन शाह | स्वास्थ्यचौकी बाहुनथाना | परिवार स्वास्थ्य कार्यक्रम |
| २. | अनमी | श्री कौशिला राना | स्वास्थ्य चौकी भुर | परिवार स्वास्थ्य कार्यक्रम |
| ३. | अनमी | श्री सपना गिरी | स्वास्थ्य चौकी कुदु | परिवार स्वास्थ्य कार्यक्रम |
| ४. | अनमी | श्री रंजित खड्का | स्वास्थ्य चौकी पुन्मा | परिवार स्वास्थ्य कार्यक्रम |
| ५. | अनमी | श्री विमला चन्द | स्वास्थ्य चौकी जगतिपुर | परिवार स्वास्थ्य कार्यक्रम |
| ६ | अनमी | श्री रत्ना खड्का | स्वास्थ्य चौकी बाहुनथाना | नगरपालिका अनुदान |
| ७. | अनमी | श्री विमला वली | जिल्ला अस्पताल | परिवार स्वास्थ्य कार्यक्रम |
| | | | कार्यालय सहयोगी | |
| १. | का.स. | श्री हरिकला रोकाय | वर्थिंग सेन्टर स्वास्थ्य चौकी भुर | नगरपालिका अनुदान |
| २. | का.स. | श्री पम्फा शाही | बर्थिंग सेन्टर स्वास्थ्य चौकी पुन्मा | नगरपालिका अनुदान |
| ३ | का.स. | श्री अनिता खड्का | वर्थिंग सेन्टर स्वास्थ्यचौकी बाहुनथाना | नगरपालिका अनुदान |
| ४. | का.स. | श्री सविता बुढा | वर्थिंग सेन्टर वास्थ्य चौकी कुदु | नगरपालिका अनुदान |
| ५. | का.स. | श्री देवी वर कामी | स्वास्थ्य चौकी जगतिपुर | नगरपालिका अनुदान |
| ६ | का.स. | श्री कालिका शर्मा | स्वास्थ्य चौकी भुर | न.पा./शसर्त अनुदान |
| ७ | का.स. | श्री भिम बहादुर शाही | स्वास्थ्य चौकी पुन्मा | न.पा./शसर्त अनुदान |
| ८ | का.स. | श्री जगत खड्का | स्वास्थ्य चौकी बाहुनथाना | नगरपालिका अनुदान |

१०. विपन्न नागरिक औंषधी उपचार कोष निर्देशिका, २०७५ वमोजिम उल्लेखित रोगहरुको उपचारमा आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियतकालागि सिफारिश उपलव्ध गराउन यस नगरपालिकामा निम्नानुसारको सिफारिश समिति गठन भएको जानकारी भयो ।

तपशिल :

संयोजक : नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती

सदस्य : प्रमुख प्रशाकीय अधिकृत श्री डिल्ली राज बेल्वासे

सदस्य : नगर स्वास्थ्य शाखा संयोजक श्री विरेन्द्र कुमार शर्मा

११. ब्लड क्यान्सर लगायत विभिन्न भयानक रोगवाट पीडित बालबालिका तथा नागरिकहरुलाई आवस्यक सहयोग गर्ने उद्धेश्य राखी आर.जे.म्युजिक प्रा.ली.को पहलमा "हरीतालिका तिज २०७६को अवसरमा "यहि मिति २०७६।५।१३ र १४ गते संचालन हुने बृहद साँस्कृतिक कार्यक्रमलाई प्रस्तावनाको

आधारमा सहयोग गर्न चालु आ.व.को आर्थिक सहयोग संचालन कोषवाट खर्च लेख्नेगरी रु ८००००।( अक्षरुपी असी हजार रुपैंया मात्र) विनियोजन गर्ने ।

१२.जाजरकोट खलंगा सहलगानी खानेपानी आयोजनाको टंकी निर्माण तथा पाईप लाईन विस्तारकोलागि आवश्यक रकम विनियोजन गर्न पहाडी साना किसानकालागि अनुकुलन आयोजना जाजरकोटलाई अनुरोध गर्ने ।

१३.नापी कार्यालय, जाजरकोटको प.सं.२०७५/७६, च.नं.३१६ र मिति २०७६/०३/१६ को प्राप्त पत्रानुसार यस नगरपालिका भित्र वडा नं. ३ र ४ को बजार क्षेत्रभित्र २ (दुई) आना र अन्य सवै वडाहरुमा ४(चार)आना न्युनतम कित्ताकाट क्षेत्रफल मापदण्ड कायम गर्ने ।

१४. वडा नं.७ को वडा कार्यालयमा विगत २ वर्षदेखि निशुल्क: रुपमा कार्यरत वडा नं.७ स्थायी निवासी कार्यालय सहयोगी श्री नरेश वि.क.लाई वडा कार्यालयको कार्यसम्पादनलाई ध्यानमा राखि मिति २०७६ श्रावण १ देखि लागुहुने गरी मासिक पारिश्रमीक रु १३५००। (अक्षरुपी तेह्र हजार पाँच शय रुपैंया मात्र) भुक्तानी पाउने गरी कार्यालय सहयोगी पदमा मासिक करार नियुक्ति गर्ने ।

१५. वडा नं. ७ को स्याउली बजार तटबन्धन निर्माण र वडा नं.३ को रुद्रेखोला तटबन्धन निर्माण योजनाका उपभोक्ता समितिले प्राविधिक लागत स्टमेट वमोजिम MACHINE MADE ग्याविनजालीहरु नभरी विभिन्न प्राविधिक कारण देखाई MEN MADE ग्याविनजालीहरु भरी भूक्तानी माग गरेकोमा हालसम्म उक्त योजनाहरुको भुक्तानी नगरेको सन्दर्भमा उपभोक्ता समितिको कार्यसम्पन्न मर्कालाई मध्यनजर गरी उप्रान्त यस्तो कार्यसम्पादन गर्ने उपभोक्ता समितिहरुलाई भुक्तानी नगर्ने गरी अन्तिम पटककोलागि उल्लेखित योजनाहरुलाई नियमानुसार अन्तिम लागत मुल्यांकनका आधारमा आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी दिने ।

१६. चालु आ.व.को विनियोजन ऐनमा उल्लेखित मेयर घुम्ती स्वास्थ्य शिविर तथा खेलकुद शिर्षकमा विनियोजित रकमबाट खर्च लेख्ने गरी निम्नानुसारका क्रियाकलापमा उल्लेख भए वमोजिम रकम विनियोजन गर्ने ।

तपशिल :

- इटहरीको व्याटमेन्टन खेलमा सहभागि हुनजाने भेरी नगरपालिकाको व्याटमेन्टन टिमकोलागि रु ६० हजार

- वडा नं.९ को भेरी युवा क्लवद्धारा संचालित भलिवल खेलकुदकोलागि रु ६० हजार

१७.भेरी नगरपालिकाको पहिचानकालागि नगर गान तथा नगर लोगो निर्माण गर्ने ।

१८. वडा नं. -४, स्थायी निवासी श्री जित बहादुर राजभण्डारीको घर आगलागि भएको र सो सम्वन्धमा आवस्यक राहत उपलव्ध गराई पाउँ भन्ने निजको प्राप्त निवेदन उपर छलफल गर्दा चालु आ.व.को राहत उद्धार कोषवाट खर्च लेख्ने गरी निजलाई रु १५०००।(अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र ) राहत रकम उपलव्ध गराउने ।

१९. भेरी नगरपालिका भित्रका सवै विद्यालयहरुका प्र.अ.हरुको त्रैमासीक वैठक सँचालन गर्न आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी लेख्ने गरी रु २ लाख रकम विनियोजन गर्ने ।

२०. वडा नं.६, भेरे निवासी श्री साउने कामी र श्री भिमे कामी अति विपन्नताको कारणले बस्ने घरको छाना समेत छाउन नसकी गोठमा दयनीय ढंगले अस्थायी वसोवास गरी बसेकाले निजहरुलाई बास बस्ने घरको छाना छाउनकोलागि चालु आ.व.को विपद व्यवस्थापन कोषवाट भुक्तानी लेख्ने गरी प्राविधिक लागत स्टमेट वमोजिम जस्ता पाता उपलव्ध गराउने ।

२१. वडा नं.१२ को वारेला देखि जगतिपुर सम्मको सडक खण्डमा अवरुद्ध पहिरो प्राविधिक लागत स्टमेट वमोजिम सफा गर्न लगाउने र उक्त खर्च आ.व. ०७५।७६ को मौज्दात अल्या रकमबाट भुक्तानी दिने ।

२२. निम्न प्रोफायलहरु अति आवश्यक देखिएकाले प्रोफायल निर्माण कार्य तत्काल अगाडि बढाउने ।

- डिजिटल नगर प्रोफायल निर्माण
- पुर्ण सरसफाई रणनीतिक योजना निर्माण
- बालमैत्री नगर घोषणाकोलागि रणनीतिक योजना निर्माण

२३. स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ८४ उपदफा २(ङ) वमोजिम आ.व.२०७५/७६ का लागि नगरसभा र कार्यपालिका वैठकबाट स्वीकृत भई सँचालन भएका सवै योजना तथा कार्यक्रमहरुको भुक्तानी अनुमोदन गर्ने ।